# रैनादेवी छहरा गाउँपालिकाको वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको प्रतिवेदन

आ.व. ०७९/०८०

पेश गर्ने

वन,वातावरण तथा विपद् व्यवस्थापन समितिको सचिवालय

रैनादेवी छहरा गाउँपालिका

छहरा पाल्पा ।

## १.पृष्ठभुमिः

साविकको स्थानिय निकायबाट स्थानिय तहको रुपमा परिणत भएपछि संवैधानिक रुपमा नै अधिकारको बाँडफाड भएर कार्य जिम्मेवारी र अधिकारमा बढोत्तरी भएको पनि आधा दशक बितिसकेको छ । जनवनिर्वाचित प्रतिनीधिहरुमार्फत स्थानिय सरकार सञ्चालन गर्ने स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा १४ बमोजिम कार्यपालिकाले आफ्नो काम कारवाही व्यवस्थित गर्न आवश्यकता अनुसार कुनै सदस्यको संयोजकत्वमा समिति वा उपसमिति गठन गर्न सक्नेछ भन्ने व्यवस्थाअनुरुप रैनादेवी छहरा गाउँपालिकाले वन, वातावरण तथा विपद व्यवस्थापन समिति गठन गरेको छ।यसरी गठित समितिले आफ्ना कार्यक्षेत्र भित्र रहेर नीति निर्माण गर्ने योजना बनाउने योजना कार्यान्वयन गर्ने गरेको छ ।

दोश्रो स्थानीय तहको निर्वाचन २०७९ मा निर्वाचित जनप्रतिनीधिहरु मध्येबाट यस वन वातावरण तथा विपद् व्यवस्थापन समितिमा तपसिलका सदस्यहरुको समिति गठन भएको छ ।

तपसिलः

श्री महेश बराल-संयोजक
श्री गुन ब सन्मान-सदस्य
श्री भिमा कुमारी खाम्चा- सदस्य
श्री बुद्ध ब राना-सदस्य
श्री सुकमाया बि.क.-सदस्य
श्री अंमृता पौडेल-सदस्य सचिव

## २.कार्यक्षेत्र

यसै सन्दर्भमा गठन भएको वन, वातावारण तथा विपद् व्यवस्थापन समितिका कार्यक्षेत्र तपसिल बमोजिम रहेको छ ।

- स्थानीय स्तरमा वातावरण व्यवस्थापन र दिगो विकाससँग सम्बन्धित नीति, कानून, कार्यक्रम तथा प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकनमा समन्वय सम्बन्धी कार्य,
- स्थानीय तहमा विपद पूर्व सूचना केन्द्र स्थापनामा सहयोग र अन्तरनिकाय समन्वय सम्बन्धी कार्य,
- स्थानीय तहमा विपद व्यवस्थापन तथा जलवायु अनुकुलन सम्बन्धी नीति तथा कार्यक्रमको सहजिकरण, समन्वय र सहकार्यलाई प्रवर्द्धन गर्ने सम्बन्धी कार्य,
- स्थानीय तहमा वातावरणमैत्री शासन प्रणालीको प्रवर्द्धन गर्ने सम्बन्धी कार्य,
- स्थानीय, प्रादेशिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय वातावरणीय प्रयासहरु र संस्थाहरुबीचको सम्बन्ध, सहयोग र समन्वय कायम गर्ने सम्बन्धी कार्य,
- फोहरमैला व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, योजना तथा कार्यक्रममा समन्वय र सहजिकरण सम्बन्धी कार्य,
- स्थानीय स्तरमा वातावरण प्रदूषण र व्यवस्थापन सम्बन्धी मापदण्डहरु निर्धारण तथा सोको कार्यान्वयनमा सहजिकरण र अनुगमन गर्ने सम्बन्धी कार्य,
- स्थानीय तहको एकीकृत वस्ती विकास मापदण्ड तथा योजना तयारी समन्वय सम्बन्धी कार्य |
- वारुणयन्त्र तथा अग्नि नियन्त्रण कार्यमा समन्वय तथा सहजीकरण सम्बन्धी कार्य,
- भवनसंहिता तथा भवनसम्बन्धी मापदण्ड स्थानीय तहमा कार्यान्वयनमा समन्वय सम्बन्धी कार्य,
- गाउँ तथा नगरमा बहुप्रकोप प्रतिरोधी भवनसंहिता तथा भवनसम्बन्धी मापदण्ड कार्यान्वयनमा समन्वय र सहजीकरण सम्बन्धी कार्य,
- स्थानीय तहमा भूउपयोग योजना कार्यान्वयनमा समन्वय,
- जैविक विविधता संरक्षण सम्बन्धि कार्य,
- वातावरण, पर्यावरण एवम् जलाधार क्षेत्र संरक्षण सम्बन्धी कार्य,
- जल उत्पन्न प्रकोप नियमन्त्रण सम्बन्धी कार्य,

- जलवायू परिवर्तन सम्बन्धी कार्य,
- बारुण यन्त्र, एम्बुलेन्स सम्बन्धी कार्य,
- वन्यजन्तु तथा भू-संरक्षण सम्बन्धी कार्य आदि।

## ३ हाल सम्म वन, वातावरण तथा विपद् व्यवस्थापन समितिले गरेको कामको समिक्षाः

चालु आ.व.सम्म यस रैनादेवी छहरा गाउँपालिकाको वन, वातावरण तथा विपद् व्यवस्थापन समितिका कार्यहरुः

**क)रैनादेवी छहरा गाउँपालिकाले कानुनहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याईसकेकोः**

- गाउँपालिकाले यस क्षेत्रको वातावरण संरक्षण र जैविक विविधता कायम राख्नका साथै वातावरणीय जोखिम न्यूनिकरण गर्न **रैनादेवी छहरा गाउँपालिकाको निजी जग्गाको माटो वा सामान्य निर्माण जन्य सामाग्री विक्री वितरण गर्न अनुमति प्रदान गर्ने कार्यविधी-२०७७** तयार गरेको छ।
- रैनादेवी छहरा गाउँपालिका क्षेत्रभित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद् बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापनका सबै क्रियाकलापहरुको समन्वयात्मक र प्रभावकारी कार्यान्वयनका लागि **रैनादेवी छहरा गाउँपालिकाको विपद जोखिम न्यूनिकरण व्यवस्थापन ऐन-२०७५** तयार गरेको।
- विपद् मा परेका व्यक्तिहरुलाई राहत प्रदान गर्नका लागि र विपद् जन्य अवस्था आईपर्दा उक्त समस्या सँग जुध्नका लागि रकमको व्यवस्थापन गर्न **रैनादेवी छहरा गाउँपालिकाको विपद् व्यवस्थापन कोष संचालन कार्यवधि,२०७५** ल्याई कार्यान्वयन गरेको छ ।

## ख. अन्य कार्यहरु

यस रैनादेवी छहरा गाउँपालिकाको वन, वतावरण तथा विपद् व्यवस्थापन समितिले विपद् मा परेका व्यक्तिहरुलाई राहतस्वरुप विपद् व्यस्थापन कोष सञ्चालन कार्यविधि बमोजिम राहत प्रदान गर्ने गरेको थियो ।

**<u>यस आ.व. ०७९/०८० मा वन, वातावरण तथा विपद् व्यस्थापन समितिका कार्यहरुः</u>**

क)यस चालु आ.व. को पछिल्लो ६ महिनामा यस वन, वातावरण तथा विपद् व्यस्थापन समितिको बैठक ३ पटक बसेको थियो । उक्त ३ पटकको बैठकमा फोहोरमैला व्यवस्थापन र वन ऐन निर्माण सम्बन्धी विषयमा छलफल भएको थियो ।

- २०७९ पौष ८ गतेका दिन वन, वातावरण तथा विपद् व्यवस्थापन समितिले वडा नं. ४ को फोहोरमैला व्यवस्थापनका लागि वडा नं. ४ का जनप्रतिनीधि, राजनीतिक दलका प्रतिनीधि, बजार व्यवस्थापन समितिका पदाधिकारीहरुको संयुक्त भेला गराई फोहोरमैला व्यवस्थापन सम्बन्धी छलफल गराएको थियो । उक्त भेलाको निर्णयबाट फोहोरमैला व्यवस्थापनका लागि क्षेत्र अर्थात ठाउँ निर्धारण गर्नका लागि तपसिल बमोजिमको कार्यदल गठन गरेको थियो ।

  तपसिलः

  श्री महेश बराल-संयोजक

  श्री गोविन्द ब रायमाझी-सदस्य(वडाध्यक्ष वडा नं.४)

  श्री बुद्धि रायमाझी- सदस्य(नेपाली कांग्रेस प्रतिनीधि)

  श्री टिकाराम पोखरेल-सदस्य( नेकपा एमाले)

  श्री टेकराज पोखरेल- सदस्य(नेकपा एकीकृत माओवादी)

  श्री कृष्ण हिताङ्ग-सदस्य(नेकपा समाजवादी)

  श्री बल ब रायमाझी-सदस्य(रा.प्र.पा)

श्री सम्बन्धित वनको अध्यक्ष-सदस्य

यसरी गठन भएको कार्यदलले फोहोरमैला व्यवस्थापनको लागि उचित स्थान छनोट गरी प्रतिवेदन पेश गर्नुपर्नेछ भनि निर्णय भएको थियो ।

- २०७९/०९/२७ गतेका दिन वन व्यवस्थापन सम्बन्धमा बनेको विधेयक माथि सरोकारवालाहरु सँग छलफल गरियो ।

ख)यस समितिको कार्यक्षेत्रको परिधिभित्र रहेर विपद् प्रभावित व्यक्तिहरुले यस गाउँपालिकाबाट आवश्यकताका आधारमा राहत रकम, पाइप तथा तारजाली प्राप्त गरेका छन् । चालु आ.व.०७९/०८० को सुरुवात देखि हालसम्म ३७ जनाले विपद् व्यवस्थापन कोषको कार्यविधि बमोजिमको राहत रकम प्राप्त गरेका छन् भने प्राविधिक लागत अनुमान बमोजिम १९ जनाले पाइप र ११ जनाले ग्याविन जाली प्राप्त गरेका छन् ।यसैगरी वर्षायाममा आइपर्ने विपद्को जोखिमबाट त्रिपाल २१ जनाले प्राप्त गरेका छन् ।

## ४. सबल र कमजोर पक्षहरुः

### सबल पक्षहरु

- केही नीतिगत व्यवस्थाले गर्दा गर्दा कार्य सम्पादनमा सहजता पुगेको,
- गाउँपालिकाको अधिकांश क्षेत्रहरु सडक सञ्जालमा जोडिएकोले राहत र उद्धारमा केहि सहजता हुनु,
- गाउँ, टोल र वडामा जनप्रतिनिधीहरु हुनु,
- फुसको छाना मुक्त गाउँपालिका घोषणाले आगलागिका घटनामा न्यूनिकरण आउनु,
- छहरा स्वास्थ्य चौकी तथा जुठापौवा स्वास्थ्य चौकीबाट एम्बुलेन्स सञ्चालन गरिनु।

## कमजोर पक्षहरु

- जनचेतनाको कमीका कारण प्रकोप जन्य रोग, सानातिना दुर्घटनाहरुको सानमा गर्नुपर्ने,
- अधिकांश युवा जनशक्ति वैदेशिक रोजगारमा भएकाले विपद् उद्धार कार्य गर्नुपरेमा गाउमा युवा जनशक्ति नभेटिने,
- विपद पछि खोज उद्धार र राहतका लागि स्थानीय दक्ष जनशक्तिको अभाव,
- जोखिम क्षेत्र पहिचान नभएको हुदाँ पहिरोले ज्यानै लिन सक्ने अवस्था रहेको,
- विकास निर्माणका कार्य गर्दा हेभी इकुप्मेन्टको प्रयोगमा सजकता नअपनाउँदा भुक्षय हुने र पानिका मुहान पनि जोखिममा रहेको,
- जोखिम न्युनिकरणका लागि भवन निर्माण आचारसंहिता लागु गर्न नसकिएको।

## ५.भावि कार्यदिशाः

यस समितिको कार्य सम्पादनमा थप चुस्तता र पारदर्शि तरिकाले कार्य सम्पादन गर्नका लागि आगामी दिनमा यस समितिले देहाय बमोजिमका कार्यहरु गर्नुपर्ने देखिन्छ ।

- वन, वातावरण तथा विपद व्यवस्थापन समिति निर्माण भैसेकोको तर उक्त समितिका लागि कार्यसञ्चालन कार्यविधि नहुँदा कार्य सम्पादनमा अन्योलता छाएको छ त्यसैले तत्काल **वन, वातावरण तथा विपद व्यवस्थापन समिति कार्य सम्पादन कार्यविधि** निर्माण गर्नुपर्ने।
- फोहोर मैला व्यवस्थापन सम्बन्धि नीतिगत अभावका कारण फोहोर मैला व्यवस्थापनमा समस्या देखा परेको छ त्यसैले तत्काल **फोहोर मैला व्यवस्थापन सम्बन्धि ऐन** निर्माण गर्ने पर्ने देखिन्छ।
- विपद प्रतिकार्य योजनाको निर्माण गरी गा.पा. तथा वडामा न्यूनतम आवश्यक उद्धारका सामानहरुको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

- प्रत्येक वडामा विपद् प्रतिकार्य तथा विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने देखिन्छ ।

अन्त्यमा,

वन, वातावरण तथा विपद् व्यवस्थापन समितिले रत्येक वडा, गाउँ टोलमा ऋफ्ना लक्षित कार्यक्रम सञ्चालन गर्दै आम नागरिकहरुलाई जोखिमको त्रासबाट मुक्त हुदैं मेरो साथमा स्थानिय सरकार छ र म एउटा सुन्दर सफा वातावरणमा बाँचिरहेको नागरीक हुँ भन्ने अवस्थाको सिर्जना गर्ने लक्ष्य राखेको छु ।

धन्यवाद !!!

महेश बराल

वन, वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक